नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

(.............................शाखा)

फोन नं.: ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
Email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

Email: info@deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

मितिः२०८२/०७/२०

पत्र संख्या :-
चलानी नं. : ४११
प्राप्त पत्र संख्या र मिति :-

विषय: साधारण सभा सञ्चालन सम्बन्धमा।

सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा यस विभागवाट जारी सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) (पहिलो संशोधन) निर्देशिका, २०७६ को अधिनमा रही सदस्यको लोकतान्त्रिक नियन्त्रणको सहकारी सिद्धान्त अनुरुप सहकारी संघसंस्थाहरुको साधारण सभाको वैठक आयोजना, कार्य प्रणाली र निर्णय प्रमाणिकरणका विषयहरु निर्धारण गर्न वाञ्छनीय भएकोले सहकारी नियमावली, २०७५ को नियम ७६(झ) बमोजिम यो निर्देशन जारी गरिएको छ।

१. सहकारी संघसंस्थाहरुले साधारण सभाको सूचना प्रकाशन गर्दा सहकारी विभागबाट जारी सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) (पहिलो संशोधन) निर्देशिका, २०७६ बमोजिम तीस दिन अगावै प्रस्ताव सहितको सार्वजनिक सूचना प्रकाशन गर्ने,

२. सहकारी ऐन, २०७४ को दफा ४० (५) अनुसार दुई हजार वा सो भन्दावढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्य सूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तह वा त्यसका वडाहरुमा सञ्चालक सदस्यहरु पठाई साधारण सभा गर्न र त्यस्तो साधारण सभाको निर्णय प्रमाणित गर्न, प्रतिनिधि छनौट गर्न, वैठक संचालन गर्न, वैठकका निर्णयहरु प्रमाणित गर्दा सचालक सदस्य संख्या भन्दा एक जना वढीमा प्रतिनिधि सदस्यहरुवाट समेत प्रमाणित गराउने व्यवस्था मिलाउने। साथै सहकारी विभागवाट जारी सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) (पहिलो संशोधन) निर्देशिका, २०७६ को पूर्ण रुपमा परिपालन गर्ने गराउने,

३. साधारण सभा गर्दा फराकिलो कार्यक्षेत्र र दुई हजार भन्दावढी सदस्य भएका सहकारी संघसंस्थाहरुले भौगोलिक अवस्थितिका कारण एकै ठाउँमा भेला हुन नसक्ने अवस्थामा सदस्यहरुलाई पायक पर्ने स्थानमा वढी भन्दा वढी सदस्यहरुको सहभागिता हुने गरी वढीमा सात वटासम्म इकाईहरु गठन गरी सभा सम्पन्न गर्ने,

४. सहकारी ऐन २०७४ को दफा ३९ (२) बमोजिम सबै सहकारी संघसंस्थाहरुले २०८२ पौष मसान्तभित्र साधारणसभा अनिवार्य रुपमा सम्पन्न गर्ने,

५. सहकारी संस्थाको विनियम संसोधन गर्नु पर्ने भएमा सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) (पहिलो संशोधन) निर्देशिका, २०७६ को दफा ४८ र ४९ र सहकारी सघसंस्थाको विनियम संसोधन सम्बन्धी विभागको मिति २०८२/६/१० को सूचना पूर्ण पालना गर्ने,

रजिष्ट्रार

(नोटः कृपया पत्राचार गर्दा प.सं., च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनु होला )

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
(.................... शाखा)

फोन नं.: ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
Email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

Email: info@deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. ५२२
प्राप्त पत्र संख्या र मिति :-

६. नियामक निकायवाट दिइएको निर्देशन तथा सुझावहरुको कार्यान्वयन सम्वन्धमा साधारणसभामा छलफल गर्ने गराउने,

७. साधारण सभा सम्पन्न भएको पन्ध्र दिन भित्र साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि, उपस्थितिको प्रमाणित प्रतिलिपि, लेखापरीक्षण प्रतिवेदन, लामो फाराम प्रतिवेदन सहित नियामक निकायमा अनिवार्य रुपमा पेश गर्ने साथै कोपोमिस प्रणाली (www.copomis.gov.np) मा समेत अद्यावधिक गर्ने।

*पुनश्च: साधारण सभा सम्वन्धी विभागवाट जारी गरिएको सहकारी विभागवाट जारी सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) (पहिलो संशोधन) निर्देशिका, २०७६ यस विभागको वेभसाईट www.deoc.gov.np वाट प्राप्त गर्न सकिनेछ।*

२०८२/०६/२०
(उमेश ढुङ्गाना)
रजिष्ट्रार
उमेश ढुङ्गाना
रजिष्ट्रार